जुन कुरा प्रति तिमीलाई शङ्का छ, त्यसलाई छाडेर त्यो कुरा अपनाउनु जसमा कुनै शङ्का छैन।

अबू मुहम्मद हसन बिन अली बिन अबी तालिब (रजियल्लाहु अन्हु) — जो रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) का नाति र उहाँका प्यारो हुन् — ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट यो वचन कण्ठस्थ गरेको छु: "जुन कुरा प्रति तिमीलाई
शङ्का छ, त्यसलाई छाडेर त्यो कुरा अपनाउनु जसमा कुनै शङ्का छैन।"
[رواه الترمذي والنسائي] [सही[

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आदेश दिनुभएको छ, यदि कुनै वचन वा कार्य हराम (निषेधित) हो वा हलाल (वैध) भन्नेमा शङ्का छ भने, त्यसलाई छाडेर शङ्कारहित कुरालाई अपनाउनु पर्छ, जसको वैधता प्रति मन सन्तुष्ट हुन्छ।

https://www.sunnah.global/hadeeth/ne/show/66519